# नेपाल राजपत्र

श्री ५ को सरकारद्वारा प्रकाशित

खण्ड ४७) काठमाडौं, जेठ १३ गते २०५४ साल (संख्या ७

## भाग ४

### श्री ५ को सरकार
### मन्त्रिपरिषद् सचिवालयको
### सूचना १

आपूर्ति मन्त्रालयका सचिव श्री भोजराज पोखरेल गणतन्त्र चीनको क्यान्टनमा आयोजित व्यापार मेलामा नेशनल ट्रेडिङ्ग लिमिटेडको एक प्रतिनिधिमण्डलको नेतृत्व गर्दै त्यसतर्फ जानुभएकोले उहाँ फर्की हाजिर नभएसम्मका लागि सो सचिव पदमा निजामती सेवा नियमावली, २०५० को नियम ४३ को उप-नियम (१) को खण्ड (क) ले दिएको अधिकार प्रयोग गरी श्री ५ को सरकारले सोही मन्त्रालयका सह-सचिव श्री गोपालमान श्रेष्ठलाई मिति २०५४।१।३ देखि कायम मुकायम मुकरर गरेको छ।

### सूचना २

कानून तथा न्याय मन्त्रालयका सचिव श्री तीर्थमान शाक्य भारतको दिल्ली स्थित केन्द्रीय विधिविज्ञान प्रयोगशाला र हैदरावाद स्थित सेलुलर एण्ड मोलिकुलर बाइलोजी केन्द्रको अवलोकन गर्न त्यसतर्फ जानुभएकोले उहाँ फर्की हाजिर नभएसम्मका लागि सो सचिव पदमा निजामती सेवा नियमावली, २०५० को नियम ४३ को उप-नियम (१) को खण्ड (क) ले दिएको अधिकार प्रयोग गरी श्री ५ को सरकारले सोही मन्त्रालयका सह-सचिव श्री विनोदकुमार देवकोटालाई मिति २०५४।१।६ देखि कायम मुकायम मुकरर गरेको छ।

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

## सूचना ३

राष्ट्रिय योजना आयोगको सचिवालयका सचिव श्री पुण्यप्रसाद दाहाल ESCAP द्वारा बैंककमा आयोजना हुने Special Body on Least Developed and landlocked Developing Countries को तेश्रो बैठक र त्यसपछि ESCAP को ५३ औं सेशनमा भागलिन जानुभएकोले उहाँ फर्की हाजिर नभएसम्मका लागि सो सचिव पदमा निजामती सेवा नियमावली, २०५० को नियम ४३ को उप-नियम (१) को खण्ड (क) ले दिएको अधिकार प्रयोग गरी श्री ५ को सरकारले सोही सचिवालयका का. मु. विशेष सचिव श्री इन्द्रकुमार श्रेष्ठलाई मिति २०५४।१।१९ देखि कायम मुकायम मुकरर गरेको छ।

आज्ञाले,
शम्भुशरणप्रसाद कायस्थ
श्री ५ को सरकारको सचिव

श्री ५ को सरकार

## जलस्रोत मन्त्रालयको सूचना

श्री ५ को सरकारको मिति २०५४।१।१२ को निर्णयानुसार श्री शुकदेव चौधरीलाई नेपाल इन्जिनियरिङ्ग सेवा, इलेक्ट्रिकल इन्जिनियरिङ्ग समूह, जनरल इलेक्ट्रिकल उपसमूह, रा.प. तृतीय श्रेणीको इन्जिनियर पदमा एक वर्षको परीक्षण कालमा रहने गरी स्थायी नियुक्ति गरी विद्युत विकास केन्द्रमा पदस्थापना गरिएको छ।

आज्ञाले,
डा. द्वारिकानाथ ढुङ्गेल
श्री ५ को सरकारको सचिब



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

80